ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २६२

१० जेठ २०८० आइतबार

25 Jun. 2023, Sunday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# मधेस प्रदेशमा कुल बजेटको ३१ प्रतिशत मात्र खर्च




**खबर दर्पण समाचारदाता**

**असार ९ गते, महेन्द्रनगर**

कतै विकासे बजेट पुग्दैन त कतै बजेट भएर पनि काम हुँदैन। मधेस प्रदेशमा यस्तै भएको छ । सरकारले चालु आर्थिक वर्षको ११ महिनामा ३१.२९ प्रतिशत मात्र खर्च गर्न सकेको छ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पदभार ग्रहण गरे लगत्तै मधेस प्रदेश सरकार बुलेट ट्रेनको गतिमा काम गर्ने अभिव्यक्ति दिएका थिए । तर उनको काम गराई बयलगाडा शैलीमा हिँडेको छ।

प्रदेश सरकार तथा मातहतका मन्त्रालय तथा अन्य निकायले चालु आर्थिक वर्षको अन्तिम महिना अर्थात् जम्मा २२ दिन बाँकी र हँदा बजेटको खर्च निराशाजनक देखिएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० उपनियम १ र २ मा आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा एक साता अगाडि नै भुक्तानी निकासा बन्द हुने प्रावधान छ। सोहीअनुसार असार २४ पछि सरकारी खाताबाट आर्थिक कारोबार हुँदैन ।

तर, आर्थिक वर्षको अन्तिम महिना ११ औं महिनामा मधेस प्रदेश सरकारले कुल विनियोजित रकमको ३१.२९ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको छ।

असार महिनासँगै मन्त्रालयहरूले कामको गति चौगुना बढाएका छन् । सरकारले थालेको कामको अहिलेको गतिअनुसार आर्थिक वर्षको अन्तिमसम्म ५० प्रतिशतसम्म बजेट खर्च हुने प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयको अनुमान छ।

आर्थिक वर्ष बित्नै लाग्दा अहिले पनि मन्त्रालयहरूले नयाँ कामको सम्झौता गरिरहेको देखिन्छ। यसले भुक्तानीमा अप्ठ्यारो पर्ने देखिन्छ।

स्मरण रहोस्, चालु आर्थिक वर्षमै मधेस प्रदेशका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवलाई बक्यौता भुक्तानीकै लागि निर्माण व्यवसायीहरूले मन्त्रालयमै थुनेका थिए । त्यस्तै, अर्थमन्त्री सञ्जयकुमार यादवलाई मुख्यमन्त्री कार्यालय परिसरमा घेराबन्दी नै गरेको थिए ।

मधेस सरकारले चालु आर्थिक वर्षका लागि ४६ अर्ब ९१ करोड ४८ लाख ८८ हजार रुपैयाँ विनियोजन गरेकोमा जेठ मसान्तसम्ममा १४ अर्ब ६८ करोड २ लाख ९० हजार ४७७ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । चालु आर्थिक वर्षको बाँकी २२ दिनमा मधेस सरकारलाई ३२ अर्ब २४ करोड ८ लाख ४१ हजार ५२३ रुपैयाँ खर्च गर्नुपर्ने छ ।

प्रदेश सभाका लागि ३८ करोड ८७ लाख ४७ हजार रुपैयाँ विनियोजन गरिएकोमा जेठ मसान्तसम्म १८ करोड ७७ लाख ५१ हजार ७४१ रुपैयाँ खर्च गरेको छ ।त्यस्तै, प्रदेश लोक सेवा आयोगका लागि ८ करोड ९७ लाख ३० हजार रुपैयाँ विनियोजन गरिएकोमा ३ करोड ९० लाख ६८ हजार ९५३ रुपैयाँ खर्च भएको छ ।मुख्य महान्यायाधिवक्ता कार्यालयको लागि ४ करोड २ लाख २ हजार ९२० रुपैयाँ विनियोजन गरिएकोमा २ करोड ३८ लाख ६३ हजार ६२० रुपैयाँ खर्च भएको छ।

यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि ९१ करोड ६९ लाख ७२ हजार ३१९ रुपैयाँ विनियोजन गरिएकोमा १५ करोड ८२ लाख १ हजार ७४६ रुपैयाँ खर्च गरेका छन् ।

अर्थ मन्त्रालयको लागि २३ करोड ४४ लाख ६४ हजार ४०१ रुपैयाँ विनियोजन गरिएकोमा ७ करोड ३९ लाख ५८ हजार २७८ रुपैयाँ मात्र खर्च गरेको छ ।

त्यसैगरी, उद्योग, पर्यटन तथा वन मन्त्रालयको लागि ४ अर्ब ५४ करोड २८ लाख ४८ हजार ६ सय रुपैयाँ विनियोजन गरिएकोमा १ अर्ब ४० करोड ८० लाख ७ हजार ९५१ रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ।

कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयको लागि ५ करोड ३४ लाख ५८ हजार ५ सय रुपैयाँ विनियोजन गरिएकोमा २ करोड ४७ लाख १३ हजार ५ सय रुपैयाँ खर्च भएको छ ।

यस्तै, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लागि २ अर्ब ४४ करोड २० लाख २७ हजार रुपैयाँ विनियोजन गरिएकोमा मन्त्रालयले जेठ मसान्तसम्म ५६ करोड ३२ लाख ९ हजार ७ रुपैयाँ खर्च गरेको छ ।

खानेपानी तथा ऊर्जा विकास मन्त्रालयको लागि १ अर्ब ६८ करोड ५८ लाख ८४ हजार रुपैयाँ विनियोजन गरिएकोमा ६५ करोड ३ लाख १२ हजार ५०९ रुपैयाँ खर्च भएको छ ।

उता, गृह तथा सञ्चार मन्त्रालयको लागि ५६ करोड ८२ लाख ३६ हजार रुपैयाँ विनियोजन गरिएकोमा १५ करोड ८८ लाख ८ लाख ८२ हजार १९४ रुपैयाँ खर्च गरेको छ ।वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयको लागि ४ करोड १७ लाख ६३ हजार ८५२ रुपैयाँ विनियोजन गरिएकोमा १ करोड २ लाख ९४ हजार ६६८ रुपैयाँ खर्च गरेको छ ।

यस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि १८ अर्ब ३३ करोड ४९ लाख ३० हजार ७९९ रुपैयाँ विनियोजन गरिएकोमा जेठ मसान्तसम्म ५ अर्ब ३१ करोड २२ लाख ६२ हजार ६१४ रुपैयाँ खर्च गरेको छ ।

महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयका लागि ५७ करोड ५५ लाख ३४ हजार रुपैयाँ विनियोजन गरेकोमा जेठ मसान्तसम्म ८ करोड ७९ लाख ९३ हजार रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।सामाजिक विकास मन्त्रालयको लागि ८ अर्ब ७ करोड २१ लाख ३४ हजार १९० रुपैयाँ विनियोजन गरिएकोमा चालु आवको ११ महिनामा ४ अर्ब ८६ करोड १३ लाख २७ हजार ६४८ रुपैयाँ खर्च हुन सकेको छ ।

प्रदेश नीति तथा योजना आयोगका लागि ७ करोड ३ लाख ९५ हजार रुपैयाँ विनियोजन गरेकोमा ५९ लाख ३३ हजार ३७ रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

यस्तै, सरकारले आन्तरिक ऋण शीर्षकतर्फ विनियोजन गरेको १६ करोड ६४ लाख ५६ हजार रुपैयाँमध्ये गत जेठ महिनासम्म खर्च नै भएको देखिँदैन। त्यसैगरी अर्थ विविधतर्फ ४ अर्ब ५५ करोड ४८ लाख ९२ हजार ४१९ रुपैयाँमध्ये १५ करोड रुपैयाँ खर्च निकासा भएको छ।

त्यस्तै, स्थानीय तहको लागि ४ अर्ब १४ करोड १५ लाख रुपैयाँ विनियोजन गरिएकोमा चालु आर्थिक वर्षको जेठ मसान्तसम्म ९६ करोड ४४ लाख ८७ हजार ६८५ रुपैयाँ खर्च निकासा भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

## यातायात व्यवस्था कार्यालय जनकपुबाट दुईजना बिचौलिया पक्राउ

धनुषा प्रहरीले यातायात व्यवस्था कार्यालय जनकपुरधामबाट दुईजना बिचौलियालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्लाको हंसपुर नगरपालिका वडा नम्बर-३ बस्ने २० वर्षीय अक्षय कुमार यादव र जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-११ बस्ने २७ वर्षीय प्रविण झा रहेका छन् ।

शुक्रबार दिउँसो साढे ३ बजेको समयमा जनकपुरधाम-१४ स्थित यातायात कार्यालयमा बिचौलियाको काम गरिरहेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट सादा पोशाकमा खटेको प्रहरी टोलीले दुबैजनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।

पक्राउ परेका दुबैजनालाई जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ

## जनकपुरमा वरिष्ठ नेत्र रोग विशेषज्ञ डा. रुइत सम्मानित




**खबर दर्पण समाचारदाता**

**असार ९ गते, महेन्द्रनगर**

विश्व विख्यात नेपालका वरिष्ठ नेत्र रोग विशेषज्ञ एवं आँखा सर्जन प्राध्यापक डा.सन्दुक रुइतलाई जनकपुरधाममा आज आधा दर्जन सरकारी एवं सामाजिक संघ संस्थाहरूले सम्मान गरेका छन् ।

मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रले आँखा सर्जन डा. रुइतलाई ती संस्थाहरूको तर्फबाट दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभयो ।

नेपालको आँखा सर्जरीमा नयाँ शैली तथा प्रविधिको प्रयोग गरेर विश्वका लागि अनुकरणीय बन्नुभएका रुइतलाई सम्मानित गर्ने संस्थाहरूमा नेपाल रेडक्रस जानकी आँखा अस्पताल जनकपुरधाम, जनकपुरधाम उपमहानगरपालिका, वटेश्वर गाउँपालिका, नेपाल रेडक्रस धनुषा र सर्लाही शाखा रहेका छन् ।१ लाख २० हजार भन्दा बढीको आँखा सर्जरी, मोतिया बिन्दुका लागि नयाँ लेन्सको विकास जस्ता थुप्रै राम्रा कामका माध्यमबाट विश्व प्रसिद्ध डा. रुइतलाई सम्मानित गरिएको संस्थाहरूले जनाएका छन् ।

कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले नेपाललाई आँखा उपचारको लागि विश्वविख्यात बनाउनुभएका डा. सन्दुक रुइत नेपालका धरोहर भएको बताउनुभयो ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# जलवायुजन्य विपत् रोक्ने प्रयास गरिनुपर्छ

नियमित रूपमा प्रकृतिमा हुने गरेका जलवायुजन्य क्रियाकलापले मानवीय सहजतालाई बिगार्ने दैनिक तथा मानवीय क्रियाकलाप त्यही असर पुऱ्याउने वा मानवीय क्षति गर्ने प्रक्रिया जलवायुजन्य विपत् हुन् । जलवायुजन्य प्रणाली नियमित भए पनि अरू सँगसँगैका अवयवको कारण जलवायुजन्य जोखिम र त्यसबाट सिर्जित विपत् बढ्दै गएको छ ।नेपालको सन्दर्भमा पनि जलवायु प्रक्रिया आफैँमा जटिल छ । पृथ्वीको सम्पूर्ण जलवायुजन्य प्रक्रियामा बङ्गालको खाडीबाट सिर्जना हुने मनसुन तथा नियन्त्रण हुने जलवायु प्रणालीलाई जटिल प्रकृतिको हुन्छ । नेपालको जलवायु पनि बङ्गालको खाडीद्वारा नियन्त्रित मौसमी प्रणालीभित्र रहन्छ । यो जटिल जलवायुजन्य प्रणाली नेपालमा हुने जलवायुजन्य विपत्को प्रमुख कारक हो ।नेपालको भू-गर्भ तथा भूगोललाई हिमालयको उत्पत्ति विकासक्रम र स्थितिसँग हेर्नु पर्दछ । नेपाल हिमालय क्षेत्र भित्र पर्ने जटिल भूगोल तथा भू-गर्भ भएको स्थान हो । यहाँको भू-गर्भलाई कलिलो जोखिमयुक्त संवेदनशील र विकासक्रममा रहेको छ भन्ने गरिन्छ । जलवायुजन्य विपत्को अर्को महत्वपूर्ण कारक बिना योजना विकास भएको बस्ती, पूर्वाधार विकास र मानवीय क्रियाकलाप हुन् । प्रकृतिक र भौगोलिक रूपमा जोखिमयुक्त स्थानमा मानवीय क्रियाकलापको विकास गर्दा आउनसक्ने, पर्न सक्ने जोखिमको राम्रो विश्लेषण गर्नु पर्छ । नेपालको भूगोलभित्र छ हजारभन्दा बढी खोला, नदी छन् । हिमालय क्षेत्रबाट उत्पत्ति भएका महाभारत क्षेत्रबाट उत्पत्ति हुने र मनसुन र वर्षाको समयमा आउने भलयुक्त खोला गरि तीन प्रकारका नदी तथा खोला भनी विभाजन गरिएको छ । मानिसको आधारभूत आवश्यकता पूर्ति गर्न सहज हुने गरी नदी किनारामा बसाइएका बस्ती उच्चतम भिरालो क्षेत्रमा बसाइएका बस्ती र भौगोलिक रूपमा उच्च जोखिम क्षेत्रमा बसेको बस्ती नै मनसुन र वर्षाको समयमा उच्च जोखिममा पर्दछन् । मूल रूपमा जलवायुजन्य विपत्को कारण यी र यस्तो हुन तथापि यो र यस्ता जोखिमलाई व्यस्वस्थित गर्न, घटाउन मानवीय विकासमा जोखिम विपत्लाई व्यवस्थापन गर्न विशेष विपत् व्यवस्थापना संयन्त्र, र प्रणालीलाई अवलम्बन गर्नु पर्दछ ।

# चुरे क्षेत्र कसरी जोगाउने ?

डा. नागेन्द्रप्रसाद यादव

नेपालको चुरे शृंखला हिमालय पर्वतमालाको दक्षिणमा अवस्थित पूर्वमा मेचीदेखि पश्चिम महाकाली नदीसम्म तन्किएको छ। चुरे भावर र तराई मधेसमा करिब ६१ प्रतिशत मानिस बसोबास गर्ने भएकोले पानीको स्रोत नै चुरे क्षेत्र हो। चुरे पर्वत शृंखला पारि स्थितिकीय रूपमा भावर र तराई मधेससँग गाँसिएको छ। तराई मधेसको माथिलो तट चुरे हो जसको भ-बनोट, ढुंगाको कडापनको हिसाबले कमलो भएकोले मानवीय तथा भौगोलिक कारणले पनि चुरेमा भू–क्षय तथा पहिरो जाने गर्दछ।

सरकारले चुरेबाट निस्कने धेरै नदी प्रणालीहरूको एकीकृत व्यवस्थापन योजना लागू गर्ने गराउने योजना लिएको छ। चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजनाको लक्ष्य चुरेको माटो चुरेलाई र सफा पानी सबैलाई भन्ने छ। चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजनाको मर्मअनुसार कार्यक्रम सञ्चालनमा सरकारले प्राथमिकता दिएको देखिँदैन।

सरकारले २०७१ साउन १ गतेदेखि ढुंगा, गिट्टी बालुवा देशबाहिर निकासी बन्द गरेको छ। आर्थिक वर्ष २०७८-०७९ को बजेट वक्तव्यमा वातावरणीय प्रभाव मूल्यांकनको आधारमा खानीजन्य ढुंगा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गरिने र निकासी गरिने खानीजन्य निर्माण सामग्रीको परिवहनका लागि उद्योगदेखि निकासी बिन्दुसम्म रोपवे निर्माण गर्न आयातमा लाग्ने भन्सार छुट दिने व्यवस्था मिलाइएको छ।

यसैगरी आर्थिक वर्ष २०८०-०८१ को नीति तथा कार्यक्रममा वातावरण प्रतिकूल नहुने गरी नदीजन्य ढुंगा, गिट्टी, बालुवा संकलन र वितरण गर्न आवश्यक कानुनी व्यवस्था गरिने उल्लेख छ। चुरे संरक्षण गर्दै वातावरणीय ह्रास नहुने गरी त्यस्ता खनिज वस्तुको उत्पादन र निर्यातको व्यावसायिक सम्भावना खोजिने भनिएको छ। ढुंगाखानीहरूको संरक्षण, प्रवर्द्धन, व्यावसायिक उत्खनन तथा निकासीका माध्यमबाट आय र रोजगारी सिर्जना हुने नीतिगत र कानुनी व्यवस्था मिलाइने उल्लेख छ। चुरे तराई र मधेसमा नदी प्रणालीमा आधारित एकीकृत स्रोत व्यवस्थापन र संरक्षणका क्रियाकलापहरू थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। प्रत्येक प्रदेशको कम्तीमा एक नदी प्रणालीमा एकीकृत संरक्षण कार्यक्रम सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ। ढुंगा गिट्टी निकासीबारे वातावरणलाई नकारात्मक असर नपर्ने गरी मापदण्ड बनाई वातावरणीय अध्ययनबाट उपयुक्त देखिएको स्थानबाट ढुंगा, गिट्टी निकासी गर्न आधार तयार गरिने उल्लेख छ। तर वातावरणीय अध्ययन कहिले गर्नेबारे टुंगो छैन तसर्थ यसबिना ढुंगा, गिट्टी निकासी गर्न मिल्दैन।

नदीजन्य पदार्थ निर्माण सामग्री र यसको आर्थिक मूल्य भएकोले बढी चर्चाको विषय बनेको छ। यसको उचित व्यवस्थापन नहुँदा अभाव र विपद्को अवस्था पनि सिर्जना भइरहेको देखिन्छ। तराईको नदीमा नदीजन्य पदार्थको अत्यधिक दोहन र थुप्रेको अवस्था छ। कतिपय नदीमा पूर्वपश्चिम राजमार्ग उत्तर अत्यधिक दोहन र राजमार्ग दक्षिण नदीमा बढी थेग्रानले तल्लो तटीय क्षेत्रमा नदीको सतह माथि उठ्न गई बाढीले नदी कटान, डुबान र पटानजस्ता समस्या बर्सेनि हुने गर्दछ। बलानजस्तो नदीले एक वर्षमा करिब २५ बिघा कृषिजग्गा नोक्सान गर्ने गर्दछ यसको भर्पाइ कसले गर्ने ? यसको मुख्य कारण हो योजना कार्यान्वयनमा त्रुटि र सुशासनको अभाव हो। यसलाई व्यवस्थित गरेर बजारको आवश्यकता पूर्ति गर्न वातावरणीय अध्ययनअनुसार चुरेमुनिको नदीहरूमा च्यानलिङ हुने गरी नदीजन्यपदार्थ संकलन गर्न राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिबाट पारित भएको चुरे संरक्षण क्षेत्रमा विकास निर्माण गर्दा लागू गर्नुपर्ने कार्यविधि तथा मापदण्ड २०७७ मा भएको विभिन्न अवस्थाको प्रावधानको अधिनमा रही कार्य गर्नु पर्दछ। विडम्बना अहिलेसम्म भइरहेको छैन।

त्रिभूवन विश्वविद्यालय र अन्य संस्थावाट कोसी प्रदेश, मधेस प्रदेश र लुम्बिनी प्रदेशका खोलाबाट वार्षिक दिगो उत्खनन गर्न सकिने परिमाण झिक्न सक्ने अनुमानमा नदीको पूरै चौडाइ समावेश भएकोले नदीमा बगेर जम्मा हुन आउने गेग्रान सबै उत्खनन गर्नु उपयुक्त हुँदैन। नदीजन्य पदार्थ संकलन नदीको पूरै चौडाइको एक तिहाइ क्षेत्रबीच भागबाट मात्र संकलन गर्नु पर्दछ। यसै गरी उत्खनन गर्ने गहिराइको हकमा आईई प्रतिवेदनअनुसार कहीँ पनि यी प्रावधानहरू लागू भएको देखिँदैन जसले गर्दा यी पदार्थको दोहन र विनाश हुने शंका बढेको छ।

हाम्रो नीति नियममा चुरे संरक्षण गर्दै वातावरणीय ह्रास नहुने गरी त्यस्ता खनिजवस्तुको उत्पादन र निर्यातको व्यावसायिक सम्भावना खोजिनेछ भन्ने उल्लेख छ। यसबाट चुरेमा ढुंगा, गिट्टी, बालुवा उत्खनन र दोहनबारे शंका भएको छ जुन स्वाभाविक हो। विगतमा नियम कानुन र मापदण्ड बनाएर ढुंगा, गिट्टी, बालुवा संकलन गर्ने भन्ने कार्यक्रम बनाए पनि ठोस ऐन नियम बन्न सकेको छैन। वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन आदि भए पनि यसको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन। सरकारले सडक निर्माण, क्रसर उद्योग राख्ने र खानी उत्खनन गर्नेबारे बनाएको नियम कानुन लागू भएको छैन। जसले गर्दा वातावरणीय प्रभाव मूल्यांकनका नाममा हुने उत्खनन चुरेको मापदण्डभन्दा बाहिर जानेछ। स्थानीय तहहरूले लगाएको ठेक्काबाट चुरेका पहाड र नदी तथा खोलाहरू अहिले छियाछिया भएका छन्। यहाँसम्मकि नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन गर्दा कहाँबाट कति झिक्नेमा नियन्त्रण भइरहेको छैन। यसको असर तल्लो तटीय क्षेत्र तराई मधेसमा पर्ने गर्दछ।

चुरेको संवेदनशीलतालाई विचार गरी पहिले नदीजन्य पदार्थ संकलन तथा ढुंगा, गिट्टी उत्खनन र निकासीबारे अध्ययन हुनुपर्छ। किनभने यी पदार्थ निकासी गर्दा वातावरणीय तथा सामाजिक हिसाबले घाटा वा नाफा हुन्छ ? सोबारे थाहा हुन्छ। ढुंगा, गिट्टी, बालुवा उत्खनन गरेर देशबाहिर निकासी खोलेमा यसले थप विपत्ति निम्त्याउने छ। एकातिर चुरे संरक्षणको अभाव र चुरेको क्षयीकरणले गर्दा अहिले तराई मधेसको नदीमा गेग्रानको मात्रामा वृद्धि भएको छ। कतिपय नदीको माथिलो तटमा नदीजन्य पदार्थको अत्यधिक दोहन भएको छ। अध्ययनअनुसार चुरेमुनिको नदीमा चेनेलिङ हुने गरी इमान्दारीपूर्वक नदीजन्य पदार्थ संकलन तथा उपयोग गरेमा अहिलेको समस्या समाधान गर्न सकिन्छ। चुरे समितिबाट बनेका नदी प्रणालीको एकीकृत व्यवस्थापन योजनामा नदीजन्य पदार्थ कहाँबाट के के, कति र कसरी संकलन गर्नेबारे उल्लेख छ। तर चुरे पहाड उत्खनन गर्न बर्जित गरिएको छ। चुरे र भावर तथा तराई मधेसमा गर्ने कार्यहरूको योजना बनाई कार्यान्वयन गर्नुपर्छ। चुरे पहाडमा अम्रिसो बाँस, बेल, हर्रो, बर्रो र खन्नु नपर्नेजस्ता जडीबुटी व्यापक रूपमा लगाउनु पर्दछ। नदी प्रणालीमा रहेका बाँध र जलाशय मर्मतको साथै नयाँ जलाशय निर्माण गर्नुपर्छ। योजनाअनुसार वन संरक्षण, अतिक्रमण नियन्त्रण गर्नु आवश्यक छ। नदीजन्य पदार्थको व्यवस्थापन र चुरेबाट माटो कम बग्न ड्याम बनाई कार्यान्वयन गरेमा तराई मधेसलाई मरुभूमीकरणबाट बचाउन सकिन्छ।


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# एकैदिन नेपालका दुई राष्ट्रिय टोलीको पराजय



**खबर दर्पण समाचारदाता**

**असार ९ गते, काठमाडौं**

शनिबार नेपाली राष्ट्रिय टोलीले खेलेका दुवै खेलमा पराजित भएको छ।

शनिबार एकैदिन नेपालका फुटबल र क्रिकेटका राष्ट्रिय टोलीले हार भोग्दा क्रिकेटमा विश्वकप खेल्ने फुटबलमा साफको सेमिफाइनमा पुग्ने सपना अधुरै रहेको हो।

भारतमा जारी साफ च्याम्पियनसिप अन्तर्गत भारतसँगको हारले नेपाली टोली एक खेल अगावै समूह चरणबाटै बाहिरिएको छ।

बैंग्लोरको कान्तिरभा स्टेडियममा शनिबार भएको खेलमा नेपाल घरेलु टोली भारतसँग २-० ले पराजित हुँदै सेमिफाइनल पुग्ने सम्भावना सकिएको छ। पहिलो हाफमा उत्कृष्ट प्रर्दशन गरेको नेपाली टोली दोस्रो हाफमा सम्हालिन सकेन र भारतसँग होर भोग्न बाध्य भयो।

अघिल्लो संस्करण भारतसँग नै फाइनल खेलेको नेपाली टोली यो पटक भारतसँगको हारका कारण नै समूह चरणबाट बाहिरिएको हो। नेपाल सन् २०१५ पछि नेपाल समुह चरणबाट बाहिरिएको हो।

समूह ए मा रहेका नेपाल र पाकिस्तानले लगातार दोस्रो हार व्यहोरेसँगै समूह चरणबाटै बाहिरिएका हुन्। यो समुहबाट आयोजक भारत र कुवेत अन्तिम चारमा प्रवेश गरेका छन्।

समुह चरणको अन्तिम खेलमा नेपालले मंगलबार पाकिस्तानसँग खेल्नेछ। यो खेल नेपालका लागि प्रतिष्ठाका लागि मात्र हुनेछ।

फुटबल अघि आजै भएको आईसीसी विश्वकप छनोट अन्तर्गत नेदरल्यान्ड्ससँगको हारले नेपालको विश्वकप खेल्ने सपना फेरि एकपटक अधुरै रहेको छ। नेदरल्यान्डस्सँग ७ विकेटले पराजित भएपछि नेपाली टोली विश्वकप छनोटको समूह चरणबाटै बाहिरिएको हो।

नेपालको हारसँगै नेदरल्याण्डस भने सुपर सिक्समा पुगेको छ। समूह ए बाट नेदरल्याण्डस्सँगै जिम्बाबे र वेष्ट इण्डिजले सुपर सिक्समा स्थान पक्का गरेका छन्। यो समुहबाट नेपाल र अमेरिका भने सुपर सिक्सको यात्राबाट बाहिरिएका छन्। समूह बी बाट श्रीलंका, स्कटल्याण्ड र ओमान सुपर सिक्समा पुगेका छन्।

सुपर सिक्समा पुग्ने नेपालको सपना अधुरै रहेपछि नेपालले अव ७ देखि १० औं स्थान सम्मको लागि प्लेअफ खेल्नेछ। प्लेअफमा नेपालले समूह बी का पुछारको टोलीसँग खेल्नेछ। नेपालले समुह बी को पुछारका टोली आयरल्याण्ड र युएईसँग खेल्नेछ।

नेपालले दिएको १ सय ६८ रनको सामान्य लक्ष्य नेदरल्याण्ड्सले २७.१ ओभरमा ३ विकेटको क्षतिमा भेट्टायो।

जिम्बावेको ताकासिंगा क्रिकेट स्पोर्टस् क्लबमा नेदरल्याण्ड्सले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङ गरेको नेपाल ४४.३ ओभरमा १ सय ६७ रन बनाउँदा अलआउट भयो।सुपर सिक्समा पुग्नका लागि निर्णायक मानिएको खेलमा नेपालका ब्याटरहरु चल्न सकेनन्।

# पाँच प्रदेशमा 'भारीदेखि धेरै भारी' वर्षाको सम्भावना, 'बाढीपहिरोबाट बच्नूस'

**खबर दर्पण समाचारदाता**

**असार ९ गते, काठमाडौं**

मनसुन नेपाल प्रवेश गरे (जुन १४ तारिख) यता दिनदिनै वर्षा भइरहेको छ। अहिले बिहान पनि लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा पानी परिरहेको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले जानकारी दिए।

मौसम महाशाखाका अनुसार दिउँसो पनि देशभर सामान्यदेखि पूर्णतया बदली (आकाशमा बादल) रही बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का देखि मध्यम वर्षाको सम्भावना छ। यस क्रममा बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ।

बागमती प्रदेशअन्तर्गत काठमाडौं उपत्यकामा दिउँसो वर्षाको सम्भावना भए पनि भारी वर्षाको सम्भावना भने नदेखिएको मौसमविद् लामिछानेको भनाइ छ। 'काठमाडौं उपत्यकामा अहिले बादल लागिरहेको छ, यो बादल बिस्तारै वर्षामा परिणत हुनेछ', उनले भने, 'आजलाई उपत्यकामा हल्कादेखि मध्यमसम्म वर्षा हुने देखिन्छ।'

मौसमविद्का अनुसार २४ घण्टामा- १० मिलिमिटरभन्दा मुनि पानी पर्नुलाई हल्का वर्षा, १० मिलिमिटरदेखि माथि ५० मिलिमिटरभन्दा मुनि पानी पर्नुलाई मध्यम वर्षा तथा ५० भन्दा माथि सय मिलिमिटरभन्दा मुनि पानी पर्नुलाई भारी वर्षा भनिन्छ। यस्तै सय मिलिमिटरभन्दा माथि र दुई सयभन्दा मुनि मिलिमिटर पानी पर्नुलाई धेरै भारी वर्षा भनिन्छ।

मौसम महाशाखाका अनुसार आज राति कोशी र मधेश प्रदेशमा आंशिकदेखि सामान्य बदली ( आकाशमा बादल) रही बाँकी प्रदेशमा सामान्यदखि पूर्णतया बदली रहनेछ। बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन /चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको पनि सम्भावना छ।महाशाखाले आगामी २४ घण्टा (सोमबार बिहान ६ बजेसम्म) का लागि चेतावनी तथा परामर्श जारी गरेको छ।

जसमा भनिएको छ- 'बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना रहेकाले सडक तथा हवाई यातायात, स्वास्थ्य, कृषि, पर्यटनलगायतका क्षेत्रहरू प्रभावित हुन सक्ने देखिन्छ।

भारी वर्षा र मेघगर्जन/चट्याङका कारण हुनसक्ने बाढी, पहिरो, डुबान, भूक्षय तथा गेग्रान बहावका कारण हुनसक्ने जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ।'

**दाङमा चट्याङ लागेर एकै गाउँपालिकाका २ जनाको मृत्यु**

अहिले नेपालको मौसममा मनसुनी वायुका साथै भारतको उत्तर प्रदेश आसपास रहेको न्यून चापीय प्रणालीको पनि प्रभाव रहेको महाशाखाले जनाएको छ।

'दुई/तीन दिन पानी पर्ने क्रम जारी रहने देखिएको छ, लगातार झरी त हुँदैन, तर वर्षा भइरहने सम्भावना छ', मौसमविद् लामिछानेले भने, 'यसबीच पूर्वको तुलनामा पश्चिमतिर अलि बढी वर्षा हुने देखिएको छ, किनकि पश्चिमतिर मनसुनका साथै भारतको उत्तर प्रदेश आसपास रहेको न्यून चापीय प्रणालीको पनि प्रभाव छ।'


सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन ।

सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**भूमिगत जलश्रोत सिंचाई आयोजना, जलेश्वर, महोत्तरी**






**बर्दिवास नगरपालिका**
महोत्तरी






**मिथिला नगरपालिका**
ढल्केवर, धनुषा

# रामगोपालपुर नगरपालिकाले ल्यायो ४२ करोड ४ लाख भन्दा बढीको बजेट



**धर्वेन्द्रकुमार यादव यदुवंशी**

**असार ९ गते,औरही, महोत्तरी**

महोत्तरीको रामगोपालपुर नगर पालिकाले ४२ करोड ४ लाख भन्दा बढीको बजेट सार्वजनिक गरेको छ ।

शनिवार नगरपालिकाको ९ औं नगरसभामा अगामी आर्थिक वर्ष २०८०/०८१ को लागि ४२ करोड ४ लाख २९ हजार ८०० रुपैयाँको बजेट नगरप्रमुख रामदुलार साहले प्रस्तुत गरेका छन् ।

नगरप्रमुख साहले संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट तथा आन्तरिक आम्दानी र दातृ निकाय एवं संघ संस्थाबाट उपलब्ध भएको श्रोत अनुमान विवरणको आधारमा सो रकमको बजेट प्रस्तुत गरेको जानकारी दिए ।

नगरप्रमुख साहले संघको वित्तीय समानीकरणतर्फ ९ करोड ९६ लाख,संघ सशर्त अनुदानतर्फ १८ करोड १२ लाख,संघ विशेष अनुदान १ करोड,संघ समपुरक अनुदान ७५ लाख,संघ राजश्व बाडफाड ८ करोड ७० लाख ५९ हजार ८ सय,संघ रोयाल्टी ५० हजार,प्रदेश वित्तीय समानिकरण ७० लाख २० हजार,प्रदेश विशेष अनुदान ३० लाख,प्रदेश समपुरक अनुदान २० लाख,प्रदेश राजश्व बाडफाड ३० लाख आन्तरिक आम्दानी २ करोड गरी कूल ४२ करोड ४ लाख २९ हजार ८ रुपैयाँको बजेट नगरसभामा पेश गरेको जानकारी दिए।

महोत्तरी निर्वाचन क्षेत्र ४(क) प्रदेश सांसद एवम पुर्व भौतिक पूर्वाधार मन्त्रि सरोज कुमार यादवको प्रमुख आतिथ्यतामा आयोजित नगरपालिकाको ९ औं नगरसभाको उद्घाटन समारोहमा पुर्व संविधान सभासदस्य लालेन्द्र मण्डल, जिल्ला समन्वय समिति महोत्तरीका उपप्रमुख नन्दु महरा, पुर्व नगर प्रमुख अशोक कुमार मण्डल, पुर्व नगर उप प्रमुख सिता साह, नगर उपप्रमुख रिना यादव, वडा अध्यक्षहरु,पुर्ववडा अध्यक्षहरु,नगर सभा सदस्यहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

# पाँच केन्द्रीय सदस्यलाई निष्काशन गर्ने जसपाको निर्णय

**खबर दर्पण समाचारदाता**

**असार ९ गते, काठमाडौं**

जनता समाजवादी पार्टी (जसपा) नेपालको आज बसेको केन्द्रीय समितिको बैठकले पार्टीका पाँच जना केन्द्रीय सदस्यलाई पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको छ ।

आजको बैठकले विसं २०७९ मङ्सिरमा सम्पन्न भएको निर्वाचनमा अन्तर्घात गर्ने पार्टीका केन्द्रीय सदस्य दीपेन्द्र नेम्वाङ, देउकुमार नेम्वाङ, महेन्द्र चौधरी, मनोरञ्जन गोइत र धर्मेन्द्र मरवैतालाई पार्टी सदस्यबाट निष्काशन गर्ने निर्णय गरेको सो पार्टीका केन्द्रीय प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिनुभयो ।

उहाँका अनुसार छानबिन समितिको प्रतिवेदनको सिफारिसअनुसार पाँच जनलाई पार्टीबाट निष्काशन गरिनुका साथै पार्टीका केही केन्द्रीय नेताहरूलाई नसिहत दिने निर्णय भएको छ। कारवाहीको निर्णयउपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले १५ दिनभित्र पार्टीको अनुशासन आयोगमा निवेदन दिनसक्ने सो पार्टीले जनाएको छ ।

यसैगरी आजको बैठकले विधानको मस्यौदालाई अनुमोदन गरेको छ । उक्त अनुमोदित विधानको मस्यौदा भोलि आइतबारदेखि सुरु हुने विधान अधिवेशनमा प्रस्तुत हुने जनाइएको छ ।

# अध्यक्ष, उपाध्यक्ष र अधिकृतको नातेदार भर्तीकेन्द्र बन्यो जनकनन्दिनी गाउँपालिका







**खबर दर्पण समाचारदाता**

**असार ९ गते, जनकपुर**

धनुषाको जनकनन्दिनी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले ऐन नियम मिचेर आफन्त एवं नातेदार लाई कार्यालयमा जागिर लगाएका छन् ।

गाउँपालिका अध्यक्ष दिपिन देव यादव, उपाध्यक्ष कमला सहगल र प्रमुख प्रशासकिय अधिकृत अयोधि दासले ऐन नियम मिचेर आफन्त एवं नातेदारलाई जागिरे बनाएका हुन् ।

अध्यक्ष यादव र उपाध्यक्ष सहगलले पालिकामा विभिन्न शिर्षकमा खुलेआम भ्रष्टाचार गरेका छन् भने त्यसमा अधिकृत दासले साथ दिँदै मौकामा चौका हानेर आफ्नो बुहारीलाई जागिरे बनाएका छन् । अध्यक्ष र उपाध्यक्षले ऐन नियमको धज्जी उडाउँदै पालिकाको कार्यालयदेखि विभिन्न पदमा आफन्त, नातेदार भर्ती गरेका छन् भने आफ्ना बुहारीलाई भर्ती गरेर प्रमुख प्रशासकिय अधिकृत दासले उनीहरुलाई साथ दिएका छन् ।

सो पालिकाको हरेक क्षेत्रमा भ्रष्टाचारै भ्रष्टाचार भइरहेको स्थानीय युवा इन्द्रजित गोइतले आरोप लगाएका छन् । उनले भने, 'यहाँ भौतिक पूर्वाधारमा भ्रष्टाचार , शिक्षामा भ्रष्टाचार, रोजगारमा भ्रष्टाचार र भर्खरै असार ७ गते प्रकाशित अनमि सहायक चौथो तहको अन्तिम नतिजा प्रकाशन गरिएको स्वास्थ्य क्षेत्रमा त झन अत्याचार नै भएको देखिएको छ ।'

यसअघि केहिदिन अगाडि प्रकाशित नतिजाबाट पालिका अध्यक्ष दिपिन देव यादवका भतिजो रंजन कुमार मरितालाई रोजगार संयोजकमा नियुक्त गरिएको थियो । अहिले फेरि अनमि सहायक चौथो तहको प्रकाशित नतिजाबाट प्रमुख प्रशासकिय अधिकृत र उपाध्यक्षको बुहारीलाई छनौट गरिएको छ ।

गत बैशाख २४ गते अनमि सहायक चौथो तह पदपूर्तिका लागि प्रकाशित सूचना अनुसार जेठ २९ गते लिइएको सेवा सम्बन्धी विषयगत, लिखित परीक्षा र अर्न्तवार्ता जेठ ३२ गते सञ्चालन भएकोमा असार ७ गते पदपूर्ति समितिको निर्णय अनुसार अनमि सहायक चौथो तहमा प्रमुख प्रशासकिय अधिकृत अयोधी दासकी बुहारी नितु कुमारी गुर्मछान र उपाध्यक्ष कमला सहगलकी बुहारी सुमित्रा मैया ठकुरीलाई सफल उम्मेदवार घोषित गरिएको छ । अन्य उम्मेदवारहरु सुदिक्षा सहगल र बैनिशा खरेलको नाम वैकल्पिकमा राखिएको छ ।

स्थानीय धर्मेन्द्र गोइतले भने, 'जनताका छोराछोरी परीक्षाबाट उत्त पदक लागि छनौट नहुनु र जनकनन्दिनीका उच्च स्तरका कर्मचारी तथा पदाधिकारीको आफन्त नियुक्त गर्नु लज्जास्पद हो ।'

'यहाँ पढेलेखेका युवाहरु कामको खोजीमा भौतारिरहेका छन् तर र जनीतिक दलको आडमा पालिका प्रमुख एवं कार्यकारी अधिकृत हुने वित्तिकै जुनसुकै नियम कानूनलाई लत्याउँदै अनभिज्ञ व्यक्तिहरु पनि जागिर हुने रैछन भन्ने उदाहरण हो, 'उनले भने ।

भर्तीकेन्द्र बनाउनमा साथ दिने प्रमुख प्रशासकिय अधिकृत पनि चतुर छन् । खुलेआम भ्रष्टाचार गर्न पल्केका अधिकृत दास मौका छोपी अध्यक्ष र उपाध्यक्षको भ्रष्टाचारमा साथ दिँदै आफ्नै बुहारी नितु कुमारी गुर्मछानलाई अनमि सहायक चौथो तहमा नियुक्त गरेको उनको आरोप छ ।

यस सम्बन्धमा पालिका अध्यक्ष दिपिन देव यादवले इलाका प्रहरी कार्यालय खजुरीको प्रतिनिधिको उपस्थितीमा खुला परीक्षा भएकोमा यसमा कुनै चलखेल नभएको दाबी गरेका छन् ।

उनले नतिजा समेत प्रशासनकै रोहबरमा प्रकाशन गरिएकोले यस्ता निराधार आरोप लगाउनु अशोभनीय रहेको बताए । अध्यक्ष यादवले दक्ष र सक्षम उम्मेदवार लाई नै परीक्षामार्फत छनौट गरिएको र यसमा अध्यक्ष, उपाध्यक्ष अथवा प्रशासकिय अधिकृतको नातेदार पर्नु संयोग मात्र हुनसक्ने दाबीसमेत गरेका छन् ।यता प्रमुख प्रशासकिय अधिकृत अयोधि दासले आफूहरुले कार्यविधि अनुसार नै उम्मेदवारको नाम छनौट गरेको दाबी गरेका छन् । यस्तोमा कसैको नातेदार पर्नु संयोग मात्र हुनसक्ने उनको भनाइ छ । उनले यसमा कसैलाई शंका लागे सम्बन्धित ठाउँमा उजुरी दिन आह्वानसमेत गरेका छन् ।


प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२० प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

मिटिङ्ग हल, पार्टी पैलेश

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।



सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

कमला नदी नियन्त्रण आयोजना

पोर्ताहा,धनुषा



जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**सबैला नगरपालिका,**

**सबैला, धनुषा**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कम्प्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा